# अध्यागमन नियमावली, २०५१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५१।०२।२३

संशोधन

| | |
|---|---|
| १. अध्यागमन (पहिलो संशोधन) नियमावली, २०५८ | २०५८।०२।२२ |
| २. अध्यागमन (दोस्रो संशोधन) नियामावली, २०५९ | २०५९।०३।०३ |
| ३. अध्यागमन (तेस्रो संशोधन) नियमावली, २०५९ | २०५९।०६।२१ |
| ४. अध्यागमन (चौथो संशोधन) नियमावली, २०६० | २०६०।०४।१९ |
| ५. ☛अध्यागमन (पाँचौ संशोधन) नियमावली, २०६४ | २०६५।०३।०२ |

अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अध्यागमन नियमावली, २०५१" रहेको छ।

(२) यो नियमावलीको नियम २९ र ३९ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुने छ र अन्य नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।√

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,–

(क) "ऐन" भन्नाले अध्यागमन ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "पर्यटक" भन्नाले कम्तिमा एक रात वा चौविस घण्टा नेपालमा बिताउने विदेशी सम्झनु पर्छ ।

☛ मिति २०६५।३।१६ को सूचनाद्वारा मिति २०६५।०४।०१ देखि प्रारम्भ हुने गरी तोकिएको ।

√ मिति २०५१।०२।२३ मा प्रकाशित नेपाल राजपत्रको सूचनाद्वारा नियम ३९ आजैका मिति देखि र नियम २९ मिति २०५१।०३।१७ तद्अनुसार १ जुलाई १९९४ देखि प्रारम्भ हुने गरी तोकिएको।

(ग) "परिवार" भन्नाले लोग्ने, स्वास्नी तथा आमा, बाबु [❶]आश्रित छोरा, छोरी सम्झनु पर्छ ।

(घ) "पदयात्रा क्षेत्र" भन्नाले पदयात्रा गर्न अनुमति लिनु पर्ने गरी नेपाल सरकारले तोकेको क्षेत्र सम्झनु पर्छ ।

(ङ) "नियोग" भन्नाले विदेश स्थित नेपाली राजदूतावास, नेपाली महावाणिज्य दूतावास र नेपाली वाणिज्य दूतावास सम्झनु पर्छ र सो शब्दले स्थायी वा अस्थायी रूपमा नेपाल सरकारको विदेशमा प्रतिनिधित्व गर्ने सङ्गठन वा अधिकारीलाई समेत जनाउँछ ।

(च) "एजेन्सी" भन्नाले विदेशीहरूको आगमन, उपस्थिति र प्रस्थानसम्मको अवधिमा विदेशीलाई सेवा उपलब्ध गराउने व्यक्ति वा नेपाल सरकारको ईजाजत प्राप्त संस्था तथा यात्रुहरुको आवागमन गराउने संस्था सम्झनु पर्छ ।

(छ) "भिसा वर्ष" भन्नाले यस नियमावलीको प्रयोजनको लागि कुनै सालको जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधि सम्झनु पर्छ ।

## परिच्छेद–२

## भिसा सम्बन्धी व्यवस्था

[❶]३. **भिसा दिने वा नदिने नेपाल सरकारको अधिकारः** (१) कुनै विदेशीलाई भिसा दिने वा नदिने सम्पूर्ण अधिकार नेपाल सरकारमा निहित रहनेछ ।

(२) नेपाल सरकारले कुनै मित्र राष्ट्रका नागरिकलाई पारस्परिकताको आधारमा भिसा नलिई नेपालभित्र प्रवेश गर्न दिन सक्नेछ ।

४. **कूटनैतिक भिसाः** (१) नेपाल सरकारले विशेष आदेश जारी गरेको अवस्थामा बाहेक कुनै पनि मुलुकबाट कूटनैतिक राहदानी प्राप्त गरी सम्बन्धित विदेशी कूटनैतिक नियोगबाट कूटनैतिक भिसाको निमित्त सिफारिश गरी पठाएको व्यक्ति, नेपाल सरकारबाट कूटनैतिक सुविधा प्रदान गर्न

❶ पहिलो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

उपयुक्त ठहऱ्याएको व्यक्ति तथा त्यस्तो कूटनैतिक राहदानी प्राप्त व्यक्तिको परिवारका सदस्यलाई कूटनैतिक भिसा दिइनेछ ।

(२) कूटनैतिक भिसा नेपालमा काम गरुन्जेलसम्मको लागि पारस्परिकताको आधारमा एकैपटक वा पटक पटक म्याद थप गरी दिइनेछ ।

(३) कूटनैतिक भिसाको लागि अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

तर विदेशी कूटनैतिक नियोग वा सो कार्यको लागि अधिकार प्राप्त निकायबाट विवरण सहित अनुरोध वा सिफारिश भई आएमा अनुसूची–१ बमोजिम निवेदन दिनु आवश्यक हुनेछैन।

५. **<u>औपचारिक भिसा (अफिसियल भिसा)</u>** (१) नेपाल सरकारले उपयुक्त ठहऱ्याएका व्यक्ति र तिनका परिवार तथा सम्बन्धित विदेशी कूटनैतिक निकायको सिफारिशमा देहायका विदेशी र तिनका परिवारलाई औपचारिक (अफिसियल) भिसा दिइनेछ ।

(क) नेपालका लागि आवासीय वा गैर आवासीय कूटनैतिक नियोग, वाणिज्य दूतावासमा काम गर्ने प्रशासनिक, प्राविधिक तथा गैर कूटनैतिक कर्मचारी तथा बाह्य मुलुकबाट नेपाल घुम्न आउने वहालवाला नेपाली अवैतनिक महावाणिज्यदूतहरू, वाणिज्यदूतहरू र तिनका परिवार,

(ख) नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नेपालमा रहने सल्लाहकार विशेषज्ञहरू,

(ग) संयुक्त राष्ट्र संघ वा त्यस अन्तर्गतका संस्थाहरूका नेपाल स्थित कार्यालयमा काम गर्ने कर्मचारीहरू र संयुक्त राष्ट्र संघद्वारा प्रदान गरिएको लेसेपेसे प्राप्त व्यक्तिहरू,

(घ) नेपाल स्थित अन्तर्राष्ट्रिय संस्था वा क्षेत्रीय सङ्गठनहरूमा काम गर्ने कर्मचारीहरू,

नेपाल कानून आयोग

→(ङ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्र संघ वा क्षेत्रीय सङ्गठन वा सो अन्तर्गतका अन्य निकायद्वारा आयोजित सभा सम्मेलन, प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने व्यक्तिहरु ।

(२) औपचारिक भिसाको लागि अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

तर विदेशी कूटनैतिक नियोग वा सो कार्यको लागि अधिकार प्राप्त निकायबाट विवरण सहित अनुरोध वा सिफारिश भई आएमा अनुसूची–१ बमोजिमको निवेदन दिनु पर्नेछैन ।

६. **पर्यटक भिसाः** (१) नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई पर्यटक भिसा दिइनेछ ।

(२) पर्यटक भिसा एक भिसा वर्षमा बढीमा ❹एकसय पचास दिनका लागि दिइनेछ।

(३) एक भिसा वर्षमा जारी गरिएको भिसामा तोकिएको अवधि पूरा नगर्दै प्रस्थान गरेको पर्यटकले बाँकी अवधि अर्को भिसा वर्षमा जोडी उपयोग गर्न पाउने छैन ।

(४) एक भिसा वर्षको अन्त्य तिर नेपाल प्रवेश गरी अर्को भिसा वर्षको पर्यटक भिसामा बस्न पाउने अवधि पनि कुनै विदेशीले उपभोग गर्न चाहेमा सो सुविधा निजले उपयोग गर्न सक्नेछ । तर त्यस्तो अवधिको दस्तूरको गणना भने निज बसेको कूल अवधिका आधारमा गरिनेछ ।

(५) पर्यटक भिसाको लागि अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

७. **अध्ययन भिसाः** (१) नेपाल सरकारको स्वीकृति प्राप्त गरी नेपालको कुनै शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न आउने विदेशीहरू, तिनका परिवारलाई अध्ययन भिसा दिइने छ ।

❺(२) नेपाल सरकारबाट प्राप्त छात्रवृत्ति अन्तर्गत वा नेपाल सरकारबाट स्वीकृत कार्यक्रम अन्तर्गत वा दुई विश्वविद्यालय बीच भएको सम्झौता अन्तर्गत अध्ययन तथा

---

→ पहिलो संशोधनद्वारा थप ।

❹ चौथो संशोधनद्वारा संशोधित ।

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

अनुसन्धान गर्न आउने वा दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रहरुबाट अध्ययन गर्न आउने विदेशी वा माध्यमिक तहसम्मको अध्ययन गर्न आउने विदेशी बाहेक आफू खुशी अध्ययन तथा अनुसन्धान गर्न चाहने अन्य विदेशीलाई नेपालमा रहँदा एकै पटक वा मासिक दामासाहीमा वार्षिक न्यूनतम तीन हजार अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा र निजका परिवारको हकमा वार्षिक न्यूनतम दुई हजार अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा खर्च गर्न सक्ने आधिकारिक स्रोत वा सो बराबरको वैदेशिक मुद्राको सटही रसिद वा सो बराबरको नेपाली मुद्रा स्थानीय बैङ्कमा मौज्दात रहेको कागजात पेश गरेको आधारमा मात्र अध्ययन भिसा दिइनेछ ।

(३) अध्ययन भिसा एक पटकमा एक वर्षको लागि दिइनेछ। सो भन्दा बढी अवधिको लागि दिन परेमा त्यस्ता व्यक्तिको अध्ययन तथा अनुसन्धान प्रगति विवरण तथा क्रियाकलाप लगायत अन्य आवश्यक कुराहरूलाई समेत विचार गरी म्याद थप गर्न सकिनेछ।

तर अनुसन्धानकर्ता र अध्ययनकर्ताको हकमा यस्तो म्याद थप अनुसन्धान अवधि वा अध्ययनरत शैक्षिक उपाधी अवधिसम्मका लागि मात्र हुनेछ ।

☑(३क) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक विषयमा अध्ययन गर्नेहरुको हकमा सम्बन्धित विषयमा शैक्षिक उपाधि अवधिसम्मको लागि एकैपटक अध्ययन भिसा दिन सकिनेछ ।

(४) अध्ययन भिसाको लागि ❶सम्बन्धित मन्त्रालयको सिफारिश पेश गर्नु पर्नेछ ।

(५) अध्ययन भिसाको लागि अनुसूची–२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

८. **गैर पर्यटक भिसाः** (१) देहायका विदेशी र तिनका परिवारका सदस्यहरूलाई गैर पर्यटक भिसा दिइनेछ ।

(क) विदेशी मित्र राष्ट्रका सरकारी वा गैर सरकारी संस्थाबाट खर्च व्यहोर्ने गरी नेपाल सरकारको स्वीकृति प्राप्त सामाजिक वा आर्थिक विकास कार्यमा संलग्न विदेशीहरू,

---

☑ पाँचौ संशोधनद्वारा थप ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

(ख) नेपाल स्थित विदेशी नियोगद्वारा संचालित संस्थामा काम गर्नको लागि परराष्ट्र मन्त्रालयबाट सिफारिश प्राप्त विदेशीहरू,

(ग) विदेशी पत्रपत्रिका तथा समाचार समितिमा काम गर्नको लागि सूचना तथा सञ्चार मन्त्रालयबाट सिफारिश प्राप्त विदेशी प्रतिनिधिहरू,

(घ) कूटनैतिक वा औपचारिक भिसा प्राप्त विदेशीको परिचारकको रूपमा काम गर्न सम्बन्धित मन्त्रालयबाट सिफारिश प्राप्त विदेशीहरू,

(ङ) नेपालभित्र कुनै फर्म, कम्पनी, संस्था, उद्योग वा व्यवसायमा पारिश्रमिक पाउने गरी काम गर्न नेपाल सरकारबाट स्वीकृत प्राप्त विदेशीहरू,

(च) नेपालस्थित कुनै अन्तर्राष्ट्रिय हवाई संस्थामा काम गर्न [1]सम्बन्धित मन्त्रालयबाट सिफारिश प्राप्त विदेशीहरू,

[2](छ) विदेशी सरकारी निकाय वा विदेशी मुलुकको उद्योग वाणिज्य संघ वा च्याम्वर अफ कमर्सको सिफारिशमा तेस्रो मुलुकबाट नेपाल आउने विदेशी आयातकर्ता,

(ज) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भई विवाह दर्ताको प्रमाणपत्र पेश गर्ने विदेशीहरू ।

[5](ज१) नेपाली मूलका विदेशी वा नेपाली बाबु वा आमाको विदेशी राहदानी वाहक सन्तान नेपालमा कुनै नातेदार भेट्न आउने भएमा वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीका बाबु, आमा, दाजु, भाइ, दिदी वा वहिनी सम्बन्धित दूतावासको नाता खुलेको सिफारिशसहित निजलाई भेट्न आउने भएमा,

---

[1] पहिलो संशोधनद्वारा संशोधित ।

[2] दोस्रो संशोधनद्वारा संशोधित ।

[5] पाँचौ संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

**<u>स्पष्टीकरणः</u>** यस खण्डको प्रयोजनका लागि “नातेदार” भन्नाले बाबु वा आमापट्टिको तीन पुस्ताभित्रको व्यक्तिलाई जनाउनेछ ।

(झ) सरकारी वा गैर सरकारी स्तरमा सम्पन्न सम्झौता वा सहमति अनुसार सम्बन्धित मन्त्रालयको सिफारिशमा काम गर्न आएका विदेशीहरू,

❺(ञ) उद्योग वा व्यवसायको सम्भाव्यता अध्ययन गर्न बढीमा ६ महिनासम्मका लागि सम्बन्धित मन्त्रालयको सिफारिश प्राप्त विदेशीहरु,

तर यस खण्ड बमोजिमका विदेशीहरुले भिसा निवेदन फाराम साथ लगानीको स्रोत खुलेको कागजात, लगानीकर्ताको योग्यता तथा अनुभव सम्बन्धी विवरणहरु समेत पेश गर्नुपर्नेछ ।

(ट) समूहगत रूपमा पर्यटकहरूलाई नेपाल भ्रमण गराउन ❶<u>सम्बन्धित</u> मन्त्रालयको सिफारिश सहित आवेदन गर्ने विदेशीहरूको टोली नेता,

→(ट१) समाज कल्याण परिषद् वा सम्बन्धित मन्त्रालयसँग सम्पन्न सम्झौता अनुसार गैर सरकारी संस्थामा काम गर्न आउने सम्बन्धित मन्त्रालयको सिफारिश प्राप्त विदेशीहरु,

(ठ) नेपाल सरकारले उपयुक्त ठहर्‍याएका विदेशीहरू ।

(२) गैर पर्यटक भिसा एक पटकमा बढीमा एक वर्षको लागि प्रदान गरिनेछ र आवश्यकता अनुसार पुनः म्याद थप गर्न सकिनेछ ।

(३) ⊗.......

(४) गैर पर्यटक भिसा लिनको लागि अनुसूची–२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

---

❶ पहिलो संशोधनद्वारा संशोधित ।

→ पहिलो संशोधनद्वारा थप ।

⊗ पाँचौ संशोधनद्वारा झिकिएको ।



नेपाल कानून आयोग

तर उपनियम (१) को खण्ड (ज) बमोजिमका विदेशीहरूले अनुसूची–२क बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

९. <u>व्यावसायिक भिसाः</u> (१) देहायका विदेशीहरू र तिनका परिवारलाई →<u>सम्बन्धित निकायको सिफारिशमा</u> व्यावसायिक भिसा दिइनेछः–

(क) नेपालभित्र व्यापारिक वा औद्योगिक व्यवसायमा लगानी गर्ने ईजाजत प्राप्त विदेशीहरू वा त्यस्ता व्यापारिक वा औद्योगिक संस्थाको अधिकृत प्रतिनिधि ।

(ख) नेपालबाट निकासी व्यापार गर्न लगानी गर्ने इजाजत प्राप्त विदेशीहरू।

+(ग) तेस्रो मुलुकबाट नेपालमा आई नेपालमा उत्पादित मालसामान खरीद गरी निकासी गर्ने वा निकासीको लागि खरीद आदेश दिने विदेशीहरू।

(२) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक व्यावसायिक भिसा एक पटकमा बढीमा पाँच वर्षका लागि प्रदान गरिनेछ र आवश्यकता अनुसार यसको म्याद थप गर्न सकिनेछ ।

+(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) को खण्ड (ग) बमोजिमको विदेशीलाई एक पटकमा नब्बे दिनसम्म नेपालमा बस्न पाउने गरी पाँच वर्षे बहु प्रवेशी व्यावसायिक भिसा दिइनेछ ।

+(२ख) उपनियम (२क) बमोजिम नेपालमा बस्न पाउने गरी दिइएको म्यादभित्र भिसा वाहकले व्यावसायिक काम कारोबार सम्पन्न हुन नसकेको कारण र सम्बद्ध प्रमाण समेत राखी निवेदन दिएमा निजको कार्य दक्षताको आधारमा उपनियम (२क) मा उल्लेख भए बमोजिम नेपालमा बस्न पाउने अवधिसम्मको लागि भिसा नवीकरण गर्न सकिनेछ ।

(३) व्यावसायिक भिसाको लागि अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

---

→ पहिलो संशोधनद्वारा थप ।

+ दोस्रो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

[❺]१०. **अन्तरिम (ट्रान्जिट) भिसाः** (१) नेपालको विमानस्थल भई कुनै अर्को मुलुक जाने गरी हवाई टिकटसहित रात बिताउने गरी नेपालमा प्रवेश गरेका विदेशीलाई वा कुनै कारणवश आकस्मिक रुपमा नेपालको विमानस्थलमा अवतरण गरेको बायुयानमा यात्रा गरिरहेको विदेशीलाई एक दिनका लागि अन्तरिम भिसा दिइनेछ ।

(२) उपनियम (१) बमोजिमको भिसाको लागि अनुसूची – ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

[+]१०क .**गैर आवासीय नेपाली भिसा (नन् रेजिडियन्सल नेपालीज भिसा) :** (१) विदेशमा बसोबास गर्ने नेपाली मूलका विदेशीले नेपालमा बसोबास गर्न वा व्यापार व्यवसाय वा कुनै विषयमा अध्ययन अध्यापन वा अनुसन्धान गर्न चाहेमा निज र निजको परिवारलाई गैर आवासीय नेपाली भिसा दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको भिसाको लागि अनुसूची–३क. बमोजिमको ढाँचामा विदेशस्थित नेपाली नियोग मार्फत वा विभागमा सोझै निवेदन दिन सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको भिसा एकपटकमा बढीमा दशवर्षसम्मको लागि प्रदान गर्न सकिनेछ र आवश्यकता अनुसार यसको म्याद थप गर्न सकिनेछ ।

(४) गैर आवासीय नेपाली भिसाको ढाँचा अनुसूची—३ख. बमोजिमको हुनेछ ।

११. **आवासीय (रेजिडेन्सियल) भिसाः** (१) नेपालमा जीवन विताउन चाहने देहायका विदेशीहरु र तिनका परिवारलाई आवासीय भिसा दिइनेछ ।

(क) अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्ति,

(ख) नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिमा विशेष योगदान पुऱ्याउन सक्ने व्यक्ति,

[χ] (ग) .......,

---

[+] दोस्रो संशोधनद्वारा थप।

[❺] पाँचौ संशोधनद्वारा संशोधित ।

[χ] दोस्रो संशोधनद्वारा झिकिएको ।

❶(घ) नेपालको औद्योगिक व्यवसायमा कम्तिमा एकलाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा एकैपटक लगानी गर्ने व्यक्ति,

(ङ) नेपालमा कुनै व्यवसाय नगरी जीवनयापन गर्न चाहने विदेशी ।

❶(२) उपनियम (१) को खण्ड (घ) मा उल्लेख भएका विदेशी बाहेक अन्य खण्डमा उल्लेख भएका विदेशीलाई आवासीय भिसा सिफारिश गर्ने नियोगले परराष्ट्र मन्त्रालय मार्फत त्यस्तो विदेशीले भरेको निवेदन सहित विभागमा पठाउनु पर्नेछ ।

❺(३) उपनियम (१) को खण्ड (ङ) को आधारमा आवासीय भिसा प्राप्त गर्न चाहने विदेशीले एकमुष्ट वार्षिक बीस हजार अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा नेपालमा खर्च गर्ने स्रोत प्रमाणित हुने कागजात र नवीकरण गर्न चाहने विदेशीले सो कागजात सहित एकमुष्ट वा पटक पटक उक्त रकम खर्च गरेको पुष्टि हुने प्रमाण पेश गर्नु पर्नेछ ।

(४) आवासीय भिसा लिन चाहने विदेशीले अनुसूची–४ बमोजिमको ढाँचामा विभाग वा सम्बन्धित नियोगमा निवेदन दिनु पर्नेछ ।

(५) आवासीय भिसाको ढाँचा अनुसूची–४क. बमोजिमको हुनेछ ।

१२. **भिसा दिने र नवीकरण गर्ने अधिकारीः** (१) देहायको भिसा देहायको अधिकारीद्वारा दिइने र नवीकरण गरिनेछ ।

| **भिसाको किसिम** | **भिसा दिने र नवीकरण गर्ने अधिकारी** |
|---|---|
| (क) कूटनैतिक भिसा | परराष्ट्र मन्त्रालय,<br>तर तीस दिनसम्मको लागि नियोग वा प्रवेश स्थलस्थित अध्यागमन कार्यालयले प्रवेश भिसाको रूपमा) कूटनैतिक भिसा दिन सक्नेछ । |
| (ख) औपचारिक भिसा | परराष्ट्र मन्त्रालय |

❶ पहिलो संशोधनद्वारा संशोधित ।

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

तर तीस दिनसम्मको लागि नियोग वा प्रवेश स्थलस्थित अध्यागमन कार्यालयले प्रवेश भिसाको रूपमा) औपचारिक भिसा दिन सक्नेछ।

[5](ग) पर्यटक भिसा

(१) भिसा वर्षमा पन्ध्र दिन, तीस दिन र नब्बे दिनको प्रवेश भिसाका लागि नियोग वा प्रवेश विन्दुको अध्यागमन अधिकृत,

(२) नेपाल प्रवेश गरिसकेका पर्यटकहरुको भिसा म्याद थप तथा नियमित गरिदिनका लागि महानिर्देशक

तर प्रस्थानका समयमा एकसय पचास दिनको अवधिभित्रको भए पन्ध्र दिनसम्मको भिसा प्रस्थान विन्दुमा अध्यागमन अधिकृतले नियमित गरिदिन सक्नेछ ।

(घ) अध्ययन भिसा

महानिर्देशक,

[2](ङ) गैर पर्यटक भिसा

(१) नियम ८ को खण्ड (छ) बमोजिमको विदेशीको हकमा विदेश स्थित नेपाली राजदूतावास वा स्थायी नेपाली कूटनैतिक नियोग वा महानिर्देशक,

(२) नियम ८ को खण्ड (ठ) बमोजिमको विदेशीको हकमा नेपाल सरकारको स्वीकृति लिई महानिर्देशक,

(३) नियम ८ को अन्य खण्ड बमोजिमको विदेशीको हकमा महानिर्देशक

[5] पाँचौ संशोधनद्वारा संशोधित ।

[2] दोस्रो संशोधनद्वारा संशोधित ।

| | |
|---|---|
| (च) व्यावसायिक भिसा | महानिर्देशक। |
| ❺(छ) अन्तरिम भिसा | अध्यागमन अधिकृत |
| ❶(ज) आवासीय भिसा | पहिलो एक वर्षको लागि गृह मन्त्रालयको स्विकृति लिई विभाग र नवीकरणको लागि विभाग<br>तर नियम ११ को उपनियम (१) को खण्ड (घ) बमोजिमका विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई उद्योग विभागको सिफारिशमा विभाग । |
| ❺(झ) गैर आवासीय नेपाली भिसा | पहिलो पटकका लागि गृह मन्त्रालयको स्वीकृतिमा नियोग वा महानिर्देशक र नवीकरणका लागि महानिर्देशक। |

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम भिसा दिइएको व्यक्तिहरूको नाम, राष्ट्रियता, राहदानी नम्वर र भिसा अवधि खुलेको विवरण मासिक रूपमा परराष्ट्र मन्त्रालयले विभागलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (क) र (ख) बाहेक अन्य खण्डहरू बमोजिम नियोगबाट भिसा जारी गर्दा उठेको राजश्वको विवरण मासिक रूपमा परराष्ट्र मन्त्रालयले विभागमा पठाउनु पर्नेछ ।

→(४) ❷भिसा दिने अधिकारीले सम्बन्धित निकायहरुबाट भिसाको लागि सिफारिश भई आएकोमा त्यस्तो सिफारिश दर्ता भएको मितिले सामान्यतया ७ दिनभित्र ❺भिसा सम्बन्धी निर्णय गर्नुपर्नेछ ।

---

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

→ पहिलो संशोधनद्वारा थप ।

❷ दोस्रो संशोधनद्वारा संशोधित ।

१३. **भिसा दिन वा नेपालभित्र प्रवेश गर्न दिन इन्कार गर्न सकिनेः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विदेशीहरूलाई भिसा दिन वा नेपालभित्र प्रवेश गर्न दिन अध्यागमन अधिकृतले प्रवेश विन्दुमा नै इन्कार गर्न सक्नेछः–

(क) राहदानी र भिसा शङ्कास्पद देखिएका,

(ख) ऐन वा यस नियमावलीको विपरित काम गरेबापत निष्काशन गरिएका वा नेपालमा प्रवेश गर्न निषेध गरिएका ।

☑(ग) यस नियमावली बमोजिम बस्न पाउने अवधि व्यतित गरिसकेका,

☑ (घ) प्रवेश गर्न आउने विदेशीको यात्रा सम्बन्धी कागजात शङ्कास्पद देखिएमा ।

१४. **नेपालबाट प्रस्थान गर्न रोक लगाउन सकिनेः** देहायका ❺व्यक्तिलाई नेपालबाट प्रस्थान गर्न विभाग वा अध्यागमन कार्यालयले रोक लगाउन सक्नेछः–

(क) वैध राहदानी र प्रस्थान गर्ने भएको देशमा प्रवेश गर्नको लागि भिसा नभएका,

(ख) नेपालबाट प्रस्थान गर्नबाट रोक लगाउनको लागि कुनै अधिकार प्राप्त अधिकारीबाट कारण सहितको जानकारी प्राप्त हुन आएका ।

१५. **प्रवेश वा प्रस्थान स्थलः** भिसा लिई नेपालभित्र प्रवेश गर्न र नेपालबाट प्रस्थान गर्ने विदेशीको प्रयोजनको लागि प्रवेश तथा प्रस्थान स्थल अनुसूची–५ बमोजिम हुनेछ ।

१६. **आगमन तथा प्रस्थान फाराम भर्नुपर्नेः** (१) प्रत्येक विदेशीले नेपालभित्र प्रवेश गर्दा अनुसूची–६ बमोजिमको आगमन फाराम र नेपालबाट बाहिर प्रस्थान गर्दा अनुसूची–६क. बमोजिमको प्रस्थान फाराम भरी अध्यागमन कार्यालयमा बुझाउनु पर्नेछ ।

☑ (१क) अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी नेपाल बाहिर प्रस्थान गर्ने र नेपालभित्र प्रवेश गर्ने प्रत्येक नेपालीले क्रमशः अनुसूची– ६ख. र अनुसूची – ६ग. बमोजिमको ढाँचामा प्रस्थान वा आगमन फाराम भरी कार्यालयमा बुझाउनु पर्नेछ ।

---

☑ पाँचौ संशोधनद्वारा थप ।

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिम बुझाएको फारामको आधारमा अध्यागमन कार्यालयले प्रत्येक दिन विदेशीहरूको आगमन अभिलेख अनुसूची–७ बमोजिमको ढाँचामा र प्रस्थान अभिलेख अनुसूची –७क बमोजिमको ढाँचामा तयार गरी विभागमा पठाउनु पर्नेछ ।

१७. **आगमन तथा प्रस्थान प्रमाणित गर्नेः** नेपालमा प्रवेश वा नेपालबाट प्रस्थान गर्ने प्रत्येक व्यक्तिले प्रवेश वा प्रस्थान स्थलमा आफ्नो प्रवेश वा प्रस्थान प्रमाणित गराउनु पर्नेछ । यसरी प्रस्थान वा प्रवेश प्रमाणित हुन छुट भएको व्यक्तिको हकमा कारण सहित निजको निवेदन पर्न आएमा विभागले छानवीन गरी उचित देखेमा आगमन वा प्रस्थान प्रमाणित गरी दिनेछ ।

१८. **कागजात देखाउनु पर्नेः** विभाग वा सो अन्तर्गतका कार्यालयका कर्मचारीहरू र त्यस्ता कर्मचारीहरू नभएका ठाउँमा जिल्ला प्रशासन कार्यालयका अधिकृत कर्मचारी, प्रहरी कर्मचारी तथा सीमा प्रशासन कर्मचारीले कुनै विदेशीको राहदानी, भिसा, पदयात्रा अनुमति पत्र र तत् सम्बन्धी कागजात हेर्न चाहेमा निजले तुरुन्त देखाउनु पर्छ ।

[५]१९. **उपस्थिति दर्ता गर्ने तथा ठेगाना परिवर्तनको सूचना दिनु पर्नेः** (१) पर्यटक भिसा बाहेक अन्य भिसामा ६ महिना भन्दा बढी अवधिसम्म नेपालमा बस्न पाउने गरी अनुमति प्राप्त गरेका विदेशीहरुले उपस्थिति दर्ता प्रयोजनका लागि अनुसूची–७ख. बमोजिमको ढाँचामा विवरण भरी विभाग वा विभागले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ र अनुसूची– ७ग. बमोजिम सो को अभिलेख राखी विभाग वा विभागले तोकेको कार्यालयले निजलाई अनुसूची–७घ. बमोजिमको उपस्थिति दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । भिसा अवधि थप भएको अवस्थामा उपस्थिति दर्ता प्रमाणपत्रको नवीकरण समेत गराउनु पर्नेछ ।

(२) भिसा लिन वा भिसाको म्याद थप्नको लागि निवेदनमा उल्लेख गरिएको वा उपस्थिति दर्ता प्रयोजनका लागि बुझाएको विवरणमा उल्लेख भएको नेपालमा वस्ने ठेगाना परिवर्तन गरेमा उपस्थिति दर्ता प्रमाणपत्र लिएका विदेशीले भए विभागमा वा दर्ता प्रमाणपत्र दिने कार्यालयमा र सो वाहेकका अन्य विदेशीले भए विभाग वा कार्यालय वा स्थानीय प्रहरी कार्यालयमा आफ्नो नाम, राहदानी नम्बर र नयाँ ठेगानाको सूचना दिनु पर्नेछ ।

---

[५] पाँचौ संशोधनद्वारा संशोधित ।

(३) एक सय वीस दिनभन्दा बढी नेपालमा बसोबास गरेको कुनै विदेशीले नेपालको कुनै स्थानमा तीन दिनभन्दा बढी समय बिताउने गरी गएमा आफ्नो नाम, राहदानी नम्बर र ठेगाना समेत खुलेको विवरणसहित त्यस्तो स्थानको स्थानीय प्रहरी कार्यालयमा आफ्नो उपस्थिति दर्ता गराउनु पर्नेछ ।

२०. **काम गर्नमा प्रतिबन्धः** (१) यस नियमावली बमोजिम पर्यटक र परिवारको सदस्यको हैसियतले भिसा पाउने विदेशीले नेपालभित्र रहँदा पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न पाउने छैन ।

(२) यस नियमावली बमोजिम भिसा प्राप्त गर्ने विदेशीले जुन उद्देश्यको निमित्त भिसा प्राप्त गरेको हो सो बाहेक अन्य काम गर्न पाइने छैन ।

२१. **भिसा खारेजीको लागि सूचना दिनु पर्नेः** पर्यटक भिसा बाहेक अन्य किसिमको भिसा प्राप्त कुनै विदेशीले कुनै कारणबाट आफूले पाएको भिसा अवधि व्यतित् गर्न नपाउने भएमा सम्बन्धित विदेशी वा निजको कार्यसँग सम्बन्धित कार्यालयको प्रमुखले उक्त भिसा खारेजीको निमित्त सात दिनभित्र अनिवार्य रूपमा भिसा दिने अधिकारीलाई सूचना गर्नु पर्नेछ ।

[५]२२. **भिसा नियमित गर्नेः** प्रचलित कानून बमोजिम कारवाहीको सिलसिलामा कुनै विदेशी थुनिएमा वा थुनिएको आधिकारिक जानकारी प्राप्त भएमा वा निज उपर कुनै कानुनी कारवाही चलेकोमा सोको किनारा नभएसम्मको लागि नेपालमा निजको उपस्थिति आवश्यक पर्ने अवस्था भएमा विभागले निजलाई सोही व्यहोरा उल्लेख गरी ऐनमा व्यवस्था भए अनुसार भिसा नियमित गरिदिनु पर्नेछ । थुनाबाट मुक्त भएको वा कानुनी कारवाहीको किनारा लागेको मितिले सामान्यतया सात दिनभित्र त्यस्तो विदेशीलाई नेपालबाट निष्काशन वा प्रस्थान गराउन सकिने छ ।

२३. **भिसाको हैसियत बदल्न सकिनेः** कुनै किसिमको भिसा लिएर आएको विदेशीले जुन कामको लागि त्यस्तो भिसा प्राप्त गरेको थियो सो काम समाप्त भएपछि त्यस्तो विदेशीले अर्को किसिमको भिसाको लागि निवेदन गरेमा नियम १२ बमोजिमको अधिकारीले ऐन र यस

---

[५] पाँचौ संशोधनद्वारा संशोधित ।

नियमावलीमा लेखिएको कुराहरूको अधिनमा रही त्यस्तो विदेशीलाई अर्को किसिमको भिसा दिन सक्नेछ ।

२४. **अस्थायी रूपमा भिसा सिफारिश वा जारी गर्न सकिनेः** (१) अध्ययन, गैर पर्यटक र व्यवसायिक भिसाका लागि सिफारिश गर्न समय लाग्ने भएमा सम्बन्धित मन्त्रालयले सोही व्यहोरा जनाई बढीमा ३ महिनासम्मको लागि अस्थायी रूपमा अध्ययन, गैर पर्यटक र व्यवसायिक भिसाको सिफारिश गर्न सक्नेछ ।

(२) नियम ८ को उपनियम (१) (ज) अनुसारका विदेशीलाई विवाह दर्ता प्रमाणपत्र पेश गर्न समय लाग्ने भएमा सम्बन्धित मुलुकको अधिकारी वा दूतावासको सिफारिशका आधारमा विभागले बढीमा ३ महिनासम्मको गैर पर्यटक भिसा जारी गर्न सक्नेछ ।

२५. **यात्रा अनुमतिपत्र जारी गर्न सक्नेः** कुनै विदेशीको राहदानी हराई वा प्रयोग हुन नसक्ने गरी नोक्सान भई, म्याद समाप्त भई वा अन्य कुनै कारणवस नयाँ राहदानी प्राप्त गर्न नसक्ने अवस्थाका विदेशीलाई ❺नेपाल बाहिर प्रस्थान गर्ने प्रयोजनका लागि विभागले यात्रा अनुमति पत्र जारी गर्न सक्नेछ ।

तर कूटनैतिक र औपचारिक राहदानी वाहकको हकमा त्यस्तो अनुमतिपत्र परराष्ट्र मन्त्रालयले जारी गर्नेछ ।

२६. **भिसा स्थानान्तरणः** नियम २५ बमोजिम कुनै विदेशीले यात्रा अनुमतिपत्र प्राप्त गरेको वा पुरानो राहदानी हराई वा म्याद समाप्त भई नयाँ राहदानी प्राप्त गरेको अवस्थामा ☑कुटनैतिक वा औपचारिक भिसाका हकमा परराष्ट्र मन्त्रालय र अन्य भिसाका हकमा विभागले राहदानी वा यात्रा अनुमतिपत्रमा भिसा स्थानान्तरण गरी दिन सक्नेछ ।

२७. **भिसाको म्याद थपका लागि निवेदनः** कूटनैतिक तथा औपचारिक भिसा बाहेक अन्य भिसाको म्याद थप गराउन अनुसूची–८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

२८. **भिसा रद्द गर्न सकिने अवस्थाः** (१) देहायको अवस्थामा विभागले विदेशीको भिसा रद्द गर्न सक्नेछः–

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

☑ पाँचौ संशोधनद्वारा थप ।

(क) माग भएको समयमा स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रमाणपत्र पेश नगरेमा ।

(ख) मगज बिग्रेमा वा बहुलाएमा ।

(ग) सङ्गीन फौजदारी अपराधको कसूर गरी भागी आएको देखिएमा ।

(घ) कुनै सरुवा वा गम्भीर रोग लागेको भएमा ।

(ङ) निजको उपस्थितिबाट नेपालको शान्ति, सुरक्षा र नेपाली जनताको पारस्परिक सौहार्दतामा प्रतिकूल असर पर्ने देखिएमा ।

(च) संदिग्ध आचरण वा अवान्छित क्रियाकलाप गरे, गराएमा ।

(छ) नेपालभित्रको सामाजिक र सांस्कृतिक वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा ।

(ज) ऐन, यस नियमावली र अन्य प्रचलित कानूनको उल्लङ्घन गरे, गराएमा।

(झ) जुन उद्देश्यको लागि भिसा प्रदान गरिएको हो सो अनुरूपको कार्य नगरी अन्य काम कुरा गरेमा ☑वा जुन प्रयोजनका लागि भिसा लिएको हो, सो समय अगावै त्यस्तो प्रयोजन समाप्त भएमा ।

☑(ञ) एक प्रकारको भिसामा बसिरहेको अवस्थामा अन्य भिसा दिनु पर्ने गरी सम्बन्धित निकायबाट सिफारिश प्राप्त भएमा वा भिसाका लागि आवेदन गरेमा त्यस्तो विदेशीलाई नयाँ भिसा जारी गर्नको लागि साविक भिसा रद्द गर्नु परेमा ।

(२) उपनियम (१) बमोजिम भिसा रद्द गरिएमा सो बापत बुझाएको दस्तूर फिर्ता गरिने छैन ।

☑ पाँचौ संशोधनद्वारा थप ।

२९. **दस्तुरः** (१) नेपालभित्र प्रवेश वा उपस्थितिको लागि भिसा जारी गर्दा, भिसाको म्याद थप गर्दा वा भिसाको म्याद नघाई बसेको विदेशीहरूको भिसा नियमित गर्नु पर्दा वा यात्रा अनुमतिपत्र जारी गर्दा वा भिसा स्थानान्तरण गर्दा भिसा सम्बन्धी वा अन्य दस्तूर अनुसूची–९ मा तोके बमोजिम हुनेछ ।

तर दश वर्ष मुनिका वालवालिकाहरूलाई भिसा दस्तूर लाग्ने छैन ।

(२) उपनियम (१) बमोजिम तोकेको भन्दा घटी वा बढी भिसा दस्तूर लगाउने मुलुकको नागरिकहरूलाई पारस्परिकताको आधारमा भिसा दस्तूर लिइनेछ ।

३०. **एक प्रवेशी, χ.... वा वहु प्रवेशी सुविधाको व्यवस्थाः** (१) यस नियमावली बमोजिम भिसा जारी गर्दा एक प्रवेशी, χ.... र वहु प्रवेशी सुविधा समेत प्रदान गर्न सकिने छ ।

(२) उपनियम (१) बमोजिम जारी गरिएको सुविधा नियोगबाट भिसा जारी गरेको अवस्थामा भिसाको प्रवेश मान्य अवधिसम्म र कार्यालय वा विभागबाट भिसा जारी गरेको अवस्थामा भिसा मान्य अवधिसम्म मात्र कायम रहने छ ।

तर यस्तो सुविधा प्राप्त विदेशीको नेपाल वस्ने कूल अवधि भने अन्य सुविधा लिएको वा म्याद थप गरेको अवस्थामा बाहेक सुविधा जारी गर्दा उल्लेख गरिएको नेपाल वस्ने अवधि भन्दा बढी हुन सक्ने छैन ।

३१. **भिसा दस्तूर छुटः** देहायका अवस्थामा देहायका व्यक्तिलाई नेपालभित्र प्रवेश वा उपस्थितिको लागि भिसा जारी गर्दा र भिसाको म्याद थप गर्दा भिसा दस्तूर छुट दिन वा मिनाहा गर्न सकिनेछः–

(क) कूटनैतिक वा औपचारिक भिसा प्राप्त गर्ने विदेशीलाई ।

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्रसंघ वा क्षेत्रीय सङ्गठन वा अन्य कुनै अन्तर्राष्ट्रिय संघ संस्था वा सो अन्तर्गतका

χ दोस्रो संशोधनद्वारा झिकिएको ।

निकायहरूद्वारा आयोजित सभा, सम्मेलन, प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने विदेशीलाई ।

(ग) नेपालसँग दौत्य सम्बन्ध भएको मुलुकका प्रतिष्ठित व्यक्तिलाई ।

(घ) पारस्परिकताको आधारमा जुनसुकै मुलुकका नागरिकहरूलाई ।

(ङ) नेपाली बाबु आमा वा बाबु आमा मध्ये एक जना नेपाली भई निजहरूबाट जन्मेका १६ वर्षसम्मका विदेशी राहदानी प्राप्त सन्तानलाई ।

(च) नेपाली मूलको व्यक्तिले नेपालस्थित विदेशी नियोगबाट पहिलो पटक राहदानी लिएपछि विदेश प्रस्थान नगरुन्जेलसम्म त्यस्तो व्यक्तिलाई ।

❺(छ) नेपाल सरकारको छात्रवृत्ति वा नेपाल सरकारबाट बजेट विनियोजन भएको स्वीकृत कार्यक्रममा भाग लिन आउने वा नेपाल सरकारसँग भएको सम्झौतामा भिसा दस्तूर छुट दिइने उल्लेख भएका व्यक्तिहरुलाई ।

(ज) उडान रद्द भई नेपालबाट प्रस्थान गर्न नसक्ने व्यक्तिलाई अर्को उडानबाट प्रस्थान नगरुन्जेलसम्मको अवधिका लागि ।

(झ) आफ्नो काबु बाहिरको परिस्थितले गर्दा कुनै विदेशीले भिसामा तोकिएको अवधि भन्दा बढी अवधि बस्नु परेमा वा नियम २९ को उपनियम (१) बमोजिम नियमित गराउँदा।

→**३१क. <u>भिसा छुट दिने अधिकारीः</u>** देहायको अवस्थामा देहायका अधिकारीले भिसा दस्तूर छुट दिन वा मिनाहा गर्न सक्नेछन्–

(क) नियम ३१ को खण्ड (क), (ख) र (ग) को अवस्थामा –❺<u>परराष्ट्र मन्त्रालय, प्रवेश भिसाका रुपमा कूटनैतिक वा औपचारिक</u>

---

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

→ पहिलो संशोधनद्वारा थप ।

<u>भिसा जारी गर्दा विदेशस्थित नेपाली नियोगहरु र अध्यागमन अधिकृत,</u>

(ख) नियम ३१ को खण्ड (ङ) र (च) को अवस्थामा – महानिर्देशक

(ग) नियम ३१ को खण्ड (घ) र (छ) को अवस्थामा – सम्बन्धित मन्त्रालयको सिफारिशमा महानिर्देशक

(घ) नियम ३१ को खण्ड (ज) को अवस्थामा – अध्यागमन अधिकृत

(ङ) नियम ३१ को खण्ड (झ) को अवस्था,

(१) एक हप्ताको लागि – महानिर्देशक वा अध्यागमन अधिकृत

(२) एक हप्ता भन्दा बढी अवधिको लागि – गृह मन्त्रालय

## परिच्छेद–३

## <u>पदयात्रा सम्बन्धी व्यवस्था</u>

[❶]३२. **<u>पदयात्रा अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेः</u>** [❺]<u>अनुमति लिई पदयात्रा गर्नुपर्ने</u> पदयात्रा क्षेत्रमा पदयात्रा गर्न चाहने विदेशीले पदयात्रा अनुमतिपत्रको लागि अनुसूची–१० बमोजिमको ढाँचामा र समूहगत रूपमा भए पदयात्रा गराउने एजेन्सीले अनुसूची–१०क. बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

---

❶ पहिलो संशोधनद्वारा संशोधित ।

❺ पाँचौ संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

[1]३३. **पदयात्रा अनुमतिपत्र दिने:** नियम ३२ बमोजिम दरखास्त प्राप्त भएपछि सम्बन्धित विदेशीको भिसा अवधि ननाघ्ने गरी पदयात्रा गर्ने पदयात्रीहरूको लागि अनुसूची–११ बमोजिमको ढाँचामा विभागले पदयात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ ।

[5]३४. **पद यात्रीहरूको अधिकतम संख्या निर्धारण गर्न सक्ने:** (१) नेपाल सरकारले नेपालभित्रको कुनै पनि पदयात्रा क्षेत्रमा पदयात्रा गराइने विदेशीहरुको अधिकतम संख्या वार्षिक रुपमा निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम संख्या निर्धारण भएकोमा सोभन्दा बढी हुने गरी विभागले पदयात्रा अनुमतिपत्र जारी गर्ने छैन ।

(३) पदयात्रा अनुमति लिनु नपर्ने क्षेत्रमा जाने पद यात्रीहरुको अभिलेख व्यवस्थापन प्रयोजनका लागि नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३५. **तोकिएको बाटोबाट मात्र पदयात्रा गर्नु पर्ने:** नियम ३३ बमोजिम जारी गरिएको अनुमतिपत्रमा तोकिएको बाटोबाट बाहेक अन्य बाटोबाट पदयात्रा गर्न वा निषेधित क्षेत्रमा जानु हुँदैन । पदयात्रा गराउने एजेन्सीले पनि विदेशीलाई अनुमति पत्रमा तोकिएको बाटो बाहेक अन्य बाटोबाट पदयात्रा गराउनु वा निषेधित क्षेत्रमा लानु हुँदैन ।

[5]३६. **पदयात्रा क्षेत्र परिवर्तन गर्न सक्ने:** दैवी प्रकोप वा काबु बाहिरको परिस्थितिका कारण पदयात्रा अनुमतिपत्र लिइ सकेको क्षेत्रमा पदयात्रा गर्न नसक्ने अवस्था परी पर्याप्त कारण सहित आवेदन गर्न आएमा सोही आर्थिक वर्षभित्र प्रयोग हुने गरी सो पदयात्रा अनुमतिपत्रलाई समान दस्तूर लाग्ने अन्य क्षेत्रमा महानिर्देशकले परिवर्तन गरिदिन सक्नेछ ।

३७. **अनुमतिपत्र रद्द हुने अवस्था:** (१) देहायको अवस्थामा कुनै विदेशीलाई प्रदान गरिएको पदयात्रा अनुमतिपत्र विभागले रद्द गर्न सक्नेछः–

(क) नियम २८ बमोजिम भिसा रद्द गरिएमा ।

---

[1] पहिलो संशोधनद्वारा संशोधित ।

[5] पाँचौ संशोधनद्वारा संशोधित ।

(ख) पदयात्रा अनुमतिपत्रमा उल्लेखित बाटो र क्षेत्र बाहेक अन्य बाटोबाट वा क्षेत्रमा पदयात्रा गरेमा ।

(ग) नियम ४१ मा उल्लेख भए अनुसारको आचारण र शर्तहरूको पालना नगरेमा ।

(घ) पदयात्रा अनुमतिपत्रमा उल्लेख गरिएका अन्य शर्तहरूको पालना नगरेमा ।

(ङ) ऐन र यस नियमावलीले गरेका व्यवस्थाहरुको उल्लङ्घन गरेमा ।

(२) उपनियम (१) बमोजिम रद्द गरिएको पदयात्रा अनुमतिपत्र बापत बुझाएको दस्तूर फिर्ता हुनेछैन ।

३८. **पदयात्रीसँग जाने नेपाली नागरिकलाई दिनु पर्ने सुविधाः** [❺](१) पदयात्रा गर्ने पर्यटक वा टोली वा पदयात्रा गराउने एजेन्सीले पदयात्रा प्रारम्भ गर्नु अघि साथै जाने नेपाली नागरिकको व्यक्तिगत दुर्घटना वीमा गर्नु पर्नेछ ।

(२) पदयात्रा गर्ने पर्यटक वा टोलीले आफूसाथ जाने नेपाली नागरिकलाई नेपाल सरकारले निर्धारण गरेको रकम भन्दा कम नहुने गरी दैनिक पारिश्रमिक, आवश्यक लुगा तथा उपकरण समेतको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बीमा गराउनु पर्ने व्यक्तिको बीमा नगराउँदै काममा लगाइएको कारणबाट दुर्घटना परी चोट पटक लागेमा, अङ्ग भङ्ग वा मृत्यु भएमा व्यक्तिगत दुर्घटना बीमा गराइएको भए निजले जेजति रकम पाउने थियो सोही बराबरको रकम निज वा निजको नजिकको हकवालालाई पदयात्रा गर्ने पर्यटक वा [☑]एजेन्सी वा टोलीले क्षतिपूर्तिको रूपमा दिनु पर्नेछ।

३९. **पदयात्रा अनुमतिपत्र दस्तुरः** पदयात्रा अनुमतिपत्र दस्तूर अनुसूची–१२ मा तोके बमोजिम हुनेछ।

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

☑ पाँचौ संशोधनद्वारा थप ।

तर देहायका विदेशीलाई विभागले पदयात्रा अनुमति दस्तूर छुट दिन सक्नेछः–

(क) कूटनैतिक भिसा प्राप्त विदेशी ।

(ख) कुनैपनि दस्तूर नलाग्ने भनी नेपाल सरकारसँग सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौतासँग सम्बद्ध भई आफ्नो कामसँग सम्बन्धित क्षेत्रमा जाने प्रयोजनका लागि पदयात्रा अनुमति माग गर्ने विदेशी ।

(ग) नेपाल सरकारको योजना वा कार्यक्रमसँग सम्बद्ध विदेशीको कार्यक्षेत्र पदयात्रा क्षेत्रमा नै परेको रहेछ भने त्यस्ता विदेशीहरू ।

(घ) आफ्ना बाबु वा आमासँग पदयात्रामा जाने १० वर्ष मुनिका बाल बालिकाहरू ।

☑(ङ) गृह मन्त्रालय मार्फत दस्तूर छुट गर्न लेखी आएका विदेशीहरु ।

## परिच्छेद–४

## प्रवेश तथा प्रस्थान गर्दा पालन गर्नु पर्ने आचारण तथा शर्तहरू

४०. **प्रस्थान र प्रवेश विन्दुमा राहदानीमा छाप लगाउनु पर्नेः** राहदानी लिई नेपालबाट विदेश प्रस्थान गर्ने र विदेशबाट नेपालभित्र प्रवेश गर्ने प्रत्येक नेपाली नागरिकले प्रवेश र प्रस्थान विन्दुमा अध्यागमन कार्यालयबाट आफ्नो राहदानीमा छाप लगाउनु पर्नेछ ।

४१. **विदेशीले पालन गर्नु पर्ने आचरण र शर्तहरूः** नेपालमा प्रवेश, उपस्थिति, पदयात्रा वा नेपालबाट प्रस्थान गर्ने प्रत्येक विदेशीले ऐन तथा यस नियमावलीमा उल्लेख गरिएका व्यवस्थाका अतिरिक्त देहाय बमोजिमको आचरण तथा शर्तहरू पालना गर्नु पर्नेछः–

(क) अनुमति पत्र विना पदयात्रा क्षेत्रमा जानु हुँदैन ।

(ख) राजनीतिमा भाग लिनु हुँदैन ।

---

☑ पाँचौ संशोधनद्वारा थप ।

(ग) प्रचलित कानूनले निषेध गरेका वस्तुहरू राख्न वा प्रयोग गर्न वा निषेध गरेका कार्यहरू गर्न हुँदैन ।

(घ) स्थानीय परम्परा र रीतिरिवाज विपरित कुनै क्रियाकलाप गर्न गराउन हुँदैन ।

(ङ) पदयात्रा क्षेत्रमा अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनहरूको पालना गर्नु पर्नेछ।

☑(च) प्रवेश, उपस्थिति वा प्रस्थानको समयमा कार्यालयले माग गरेमा पहिचान सम्बन्धी विवरण, छाँया चित्र, औंठा छाप र प्रवेश, उपस्थिति वा प्रस्थान सम्बन्धी कागजात उपलब्ध गराउनु पर्नेछ ।

४२. **एजेन्सीले पालन गर्नु पर्ने आचरण तथा शर्तहरू:** एजेन्सीले ऐन तथा यस नियमावलीमा व्यवस्थित अन्य व्यवस्था तथा शर्तहरूको अतिरिक्त देहाय बमोजिमको आचरण तथा शर्तहरू पालन गर्नु पर्नेछः–

(क) नेपालबाट यात्रुहरू विदेश लैजाने वा नेपालमा ल्याउने विमान वा गाडी वा त्यस्तै कुनै पनि वाहन सञ्चालन गर्ने नेपाली वा विदेशी कम्पनी वा संस्था वा चालकले आफ्नो वाहनबाट नेपालभित्र ल्याएका वा नेपालबाट विदेश लगिएका नेपाली वा विदेशी यात्रुहरू तथा चालक दल एवं बहान सहभागीहरूको नामावली आगमन र प्रस्थान गर्दा ❺अग्रिम रुपमा कार्यालयलाई दिनु पर्नेछ ।

(ख) वैध राहदानी नभएका, निष्काशन गरिएका वा प्रवेश गर्न नदिने गरी रोक लगाइएको विदेशीलाई ल्याउनु हुँदैन ।

(ग) यस नियमावली बमोजिम प्रवेश निषेध गरिएका व्यक्तिलाई ल्याएमा विभाग वा कार्यालयले निर्देश गरेको समयमा फिर्ता लाने दायित्व ल्याउने पक्षको हुनेछ ।

(घ) राहदानी, भिसा वा अनुमतिपत्र नभएका विदेशीलाई आफ्नो होटल वा घरमा भाडामा राख्न वा कुनै सेवा उपलब्ध गराउनु हुँदैन ।

---

☑ पाँचौ संशोधनद्वारा थप ।

❺ पाँचौ संशोधनद्वारा संशोधित ।

(ङ) आफूकहाँ बसेका वा आफूले सेवा पुऱ्याएका विदेशीहरूको मासिक लगत हरेक अर्को महिनाको पहिलो हप्ताभित्र विभागमा दिनु पर्नेछ ।

☑(च) अन्य देशबाट निष्काशन गरी वा प्रवेश अस्वीकार गरी एजेन्सीको जिम्मा लगाई पठाइएका व्यक्तिहरुलाई सम्बन्धित कागजात सहित अध्यागमन कार्यालयको जिम्मा बुझाउनु पर्नेछ ।

## परिच्छेद–५

## विविध

४३. **पर्वतारोहीहरू सम्बन्धी विशेष व्यवस्थाः** ❶(१) पर्वतारोहणको इजाजत पत्र प्राप्त विदेशीहरूले पर्वतारोहणको लागि इजाजत प्राप्त हिमशिखरतर्फ जाँदा र आउँदा पदयात्रा क्षेत्रमा जानु परेमा पदयात्रा अनुमतिपत्र लिनु पर्नेछ । तर त्यस्तो अनुमतिपत्र बापतको दस्तूर भने तिर्नु पर्ने छैन ।

(२) पर्वतारोहणका लागि जाने विदेशीहरूले पर्वतारोहण अवधिको समेत भिसा दस्तूर बुझाउनु पर्नेछ ।

तर पर्वतारोहणको अवधि पर्यटक भिसाको अवधिमा गणना गरिने छैन ।

४४. **विभागले तोकेको स्थानमा बस्नु पर्नेः** ❺(१) ऐन वा यस नियमावली बमोजिम प्रस्थान गराउनु वा निष्काशन गर्नु पर्ने विदेशीले नेपालबाट प्रस्थान नगरुन्जेलसम्मका लागि विभागले तोकेको वा उपलब्ध गराएको स्थानमा बस्नु पर्नेछ र त्यस्तो विदेशीले नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आफैले व्यहोर्नु पर्नेछ ।

(२) निष्काशनको आदेश अनुसूची–१३ बमोजिमको ढाँचाको हुनेछ ।

---

☑ पाँचौ संशोधनद्वारा थप ।

❶ पहिलो संशोधनद्वारा संशोधित ।

❺ पाँचौ संशोधनद्वारा संशोधित।

☑४४क. **कार्यविधि बनाउने अधिकारः** ऐन र यस नियमावलीको उद्देश्य पूर्ति गर्न तथा अध्यागमन सम्बन्धी कार्य प्रभावकारी र पारदर्शी बनाउन गृह मन्त्रालयले आवश्यक कार्यविधि बनाई लागू गराउन सक्नेछ ।

४५. **फारामहरूको भाषाः** यस नियमावली अन्तर्गतका फारामहरू आवश्यकता अनुसार अंग्रेजी भाषामा पनि छपाउन र प्रयोग गर्न गराउन सकिनेछ ।

४६. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४७. **खारेजी र बचाउः** (१) विदेशी सम्बन्धी नियमावली, २०३२ खारेज गरिएको छ ।

(२) पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ मा जुनसुकै कुरा लेखिएको भएतापनि पदयात्राको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

(३) यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

---

☑ पाँचौ संशोधनद्वारा थप ।

## अनुसूची–१

### (नियम ४(३), ५(२) र ६(५) सँग सम्बन्धित)

### कूटनैतिक / औपचारिक / पर्यटक भिसा निवेदन फाराम

श्री महामहिम राजदूतज्यू / वाणिज्यदूतज्यू / महा वाणिज्यदूतज्यू,

महा निर्देशकज्यू / अध्यागमन अधिकृतज्यू,

फोटो

मलाई नेपाल भ्रमण गर्नु पर्ने / गर्न ईच्छा भएकोले कूटनैतिक /औपचारिक / पर्यटक/प्रवेश भिसा दिनु हुन अनुरोध गर्दछु । मेरो विवरण निम्न अनुसार छ ।

१ नाम थरः

२ राष्ट्रियताः

३ जन्म स्थानः

४ जन्म मितिः

५ स्थायी ठेगानाः

६ नेपालको अस्थायी ठेगानाः

७ पेशाः

८ राहदानी नं.

९ राहदानी जारी मितिः

१० राहदानी बहाल रहने मितिः

११ नेपाल भ्रमणको उद्देश्यः

१२ नेपालमा रहने अवधिः ....... दिन / हप्ता / महिना

१३ प्रस्थान भई जाने मुलुकः

नेपाल कानून आयोग

१४ नेपाल बसाईलाई लाग्ने खर्चको स्रोतः (विदेशी मुद्रामा)

१५ यस अघि नेपाल भ्रमण गरेको पटकः

१६ पछिल्लो पटकको नेपाल भ्रमण गरेको साल र महिना तथा बसेको अवधिः

१७ आफ्नो नाममा अन्य देशको राहदानी भए देशको नाम र राहदानी नं.

मितिः

........................

निवेदकको हस्ताक्षर

---

<u>कार्यालय प्रयोजनको लागि मात्र</u>

१ भिसाको किसिमः

२ निशुल्क भए त्यसको आधारः

३ प्रवेश भिसा नं.

४ भिसा बहाल रहने मितिः

५ भिसा जारी गरेको मितिः

६ भिसा स्टिकर नम्बरः

...........................

भिसा जारी गर्ने अधिकृत

प्रवेश स्थलमा भए अध्यागमन कोड नं. समेत उल्लेख गर्ने

मितिः

नेपाल कानून आयोग

## अनुसूची–२

**(नियम ७(५), ८(४) र ९(३) सँग सम्बन्धित)**

**अध्ययन / गैर पर्यटक /व्यावसायिक भिसाका लागि निवेदन फाराम**

श्री महानिर्देशकज्यू,

अध्यागमन विभाग ।

फोटो

मलाई अध्ययन / गैर पर्यटक / व्यावसायिक भिसा आवश्यक भएकोले माग बमोजिम भिसा दिनु हुन अनुरोध गर्दछु । मेरो विवरण निम्न अनुसार छ ।

१ नाम थरः

२ राष्ट्रियताः

३ जन्म स्थानः

४ जन्म मितिः

५ स्थायी ठेगानाः

६ नेपालको अस्थायी ठेगानाः

७ व्यवसायः

८ (क) राहदानी नं. .................. (ख) जारी मितिः .................

(ग) बहाल रहने मितिः ................

९ (क) नेपाल प्रवेश गरेको मितिः ............. (ख) स्थानः ................

१० नेपालमा बसेको कूल अवधिः

११ अन्तिम भिसा नं.

नेपाल कानून आयोग

१२ (क) अन्तिम भिसा वहाल रहेको मितिः ................

(ख) भिसाको किसिमः ...................

१३ हाल भिसा माग गर्नुको कारणः

१४ माग गरिएको भिसा स्वीकृत भएमा नेपाल वस्ने अवधिः

१५ नेपाल बस्दा संलग्न रहने निकाय / क्षेत्रः

१६ (क) स्थानीय कर तिर्नु पर्ने / नपर्नेः

(ख) तिर्नु पर्ने भए तिरे नतिरेको (प्रमाण संलग्न गर्ने):

१७ परिवार संख्याः

१८ माग गरिएको भिसा स्वीकृत भएमा नेपालमा हुने खर्चको स्रोतः

१९ माग गरेको भिसा प्राप्त गर्ने आधार के छः

२० अन्य केही खुलाउनु पर्ने भएः ......................................................................

२१ संलग्न कागजातहरूः

(क) सम्बद्ध निकायको सिफारिश

(ख) श्रम स्वीकृति

(ग) ....................

(घ) .........................

मितिः .........................

निवेदकको हस्ताक्षर

नेपाल कानून आयोग

---

## कार्यालय प्रयोजनको लागि

१ भिसा जारी गर्ने निर्णय मितिः

२ फाइल नं.

३ भिसा स्टिकर नम्बरः

४ भिसाको किसिमः

५ भिसा शुल्कः

६ बिल नं.

७ भिसा जारी गरेको मितिः

८ भिसा बहाल रहने मितिः

९ अन्य केही भएः

मितिः

.............................

अध्यागमन अधिकृत

कोड नं. .............

नेपाल कानून आयोग

## अनुसूची–२क

**(नियम ८(४) को प्रतिबन्धात्मक वाक्यांशसँग सम्बन्धित)**

श्री महानिर्देशकज्यू,

अध्यागमन विभाग ।

मैले नेपाली नागरिक श्री ..................... सँग विधिवत विवाह गरी प्रमाणपत्र प्राप्त गरेकोले निम्नानुसार विवरण खोली नियमानुसार पाउने गैर पर्यटक भिसाको लागि निवेदन गर्दछु ।

१ नाम थरः

२ राष्ट्रियताः

३ जन्म मितिः

४ ठेगानाः

५ राहदानी नं.

६ राहदानी बहाल मितिः

७ पेशाः

८ प्रवेश मितिः

९ प्रवेश भिसा नम्बरः

१० भिसाको म्यादः

११ (क) नेपाली नागरिक पति / पत्नीको नामः

(ख) ठेगानाः

(ग) नागरिकता प्रमाणपत्र नम्बरः

नेपाल कानून आयोग

१२ विवाह दर्ता प्रमाणपत्र प्राप्त गरेको जिल्ला र लिएको मितिः

१३ भिसा माग अवधिः

१४ संलग्न कागजातहरूः

(क)

(ख)

(ग)

(घ)

मितिः

............................

निवेदकको हस्ताक्षर

उपरोक्त व्यहोरा ठीक साँचो हो । निज मेरो पति / पत्नी हुन् र व्यहोरा फरक परे नेपाल कानून बमोजिम सहुँला बुझाउँला भनी सही छाप गर्ने नेपाली पक्षः

नामः

सहिछापः

मितिः

नेपाल कानून आयोग

## अनुसूची–३

## (नियम १०(३) सँग सम्बन्धित)

## <u>अन्तरिम भिसाको लागि निवेदन फाराम</u>

श्री महामहिम राजदूतज्यू / वाणिज्यदूतज्यू / महावाणिज्यदूतज्यू / महानिर्देशकज्यू / अध्यागमन अधिकृतज्यू,

मलाई अन्तरिम भिसा आवश्यक भएकोले लाग्ने शुल्क लिई अन्तरिम भिसा दिनु हुन अनुरोध गर्दछु । मेरो विवरण निम्नानुसार छ ।

१ नाम थरः

२ राष्ट्रियताः

३ जन्म स्थानः

४ जन्म मितिः

५ स्थायी ठेगानाः

६ पेशाः

७ राहदानी नं.

८ राहदानी जारी मितिः

९ राहदानी बहाल रहने मितिः

१० अन्तरिम भिसा माग गर्नुको कारणः

११ नेपालको बाटो भई जाने मुलुकको नामः

१२ अन्तरिम अवधिमा नेपालमा बस्ने ठेगानाः

१३ संलग्न कागजातहरू (केहि भए)

नेपाल कानून आयोग

(क)

(ख)

१४ अन्तरिम भिसा माग अवधि मिति .................. देखि ................ सम्म ....... दिन

मितिः ..........................

निवेदकको हस्ताक्षर

---

**<u>कार्यालय प्रयोजनको लागि मात्र</u>**

१ अन्तरिम भिसा स्वीकृत अवधिः

२ भिसा नम्बरः

३ भिसा स्टिकर नम्बरः

४ सशुल्क / निशुल्कः

५ निशुल्क भए त्यसको आधारः

६ भिसा जारी मितिः

.............................

भिसा जारी गर्ने अधिकृत

(प्रवेश स्थलमा भए अध्यागमन अधिकृतको कोड नम्बर समेत उल्लेख गर्ने)

नेपाल कानून आयोग

# +अनुसूची–३क.

**(नियम १०क. को उपनियम (२) सँग सम्बन्धित)**

**गैर आवासीय नेपाली भिसाको लागि निवेदन फाराम**

श्री महामहिम राजदूतज्यू / श्री महावाणिज्यदूतज्यू,

श्री वाणिज्यदूतज्यू / श्री महानिर्देशकज्यू ।

फोटो

मलाई गैर आवासीय नेपाली भिसा आवश्यक परेकोले सो भिसा दिनु हुन अनुरोध गरेको छु । मेरो विवरण निम्न अनुसार छ ।

१. नाम थरः

२. राष्ट्रियताः

